शान्ति र समृद्धिको संवाहक...

# गौतमबुद्ध सन्देश

www.gautambuddhasandesh.com

राष्ट्रिय दैनिक




वर्ष ८ | अङ्क : २०२ | २०७९ मंसिर १ गते विहिबार | 17 Nov. 2022, Thursday | पृष्ठ सङ्ख्या : ४+२ | मूल्य रू.: ५/-

# भालुवाङमा धमाधम संरचना तयार हुँदै

दाङ, ३० कार्तिक।

लुम्बिनी प्रदेशको स्थायी राजधानी तोकिएको भालुवाङमा मुख्यमन्त्री कार्यालय स्थानान्तरण लागि संरचना तयारी गर्ने काम भइरहेको छ। राप्ती गाउँपालिका-३ लालमटियास्थित राप्ती प्राविधिक शिक्षालयलाई एक महिनाअघि सरस्वती माविमा स्थानान्तरण गरेपछि सोही स्थानमा मुख्यमन्त्री कार्यालयलगायत अन्य मन्त्रालयका लागि संरचना मर्मत गर्ने कार्य भइरहेको प्रदेश पूर्वाधार विकास प्राधिकरणका कार्यकारी निर्देशक छविराज पोखरेलले बताए।

'शिक्षालयका पहिलेका थुप्रै भवन छन्, तिनै भवनलाई मुख्य मन्त्रालयलगायत अन्य मन्त्रालय राख्नका लागि संरचना तयार गर्ने कार्य भइरहेको छ,' उनले भने, 'अहिले मुख्यमन्त्रीको कार्यालयसहित मुख्यमन्त्रीको निवास, प्रमुख सचिवको निवाससहित केही मन्त्रालयका लागि संरचना निर्माण भइरहेको छ ।' उनका अनुसार केही दिनदेखि संरचना मर्मत भइरहेको हो।

त्यस्तै प्रदेशसभा भवन निर्माणको काम पनि अन्तिम चरणमा पुगेको छ । प्राधिकरणका इञ्जिनीयर विष्णु केसीका अनुसार भित्रको सबै काम पूरा भइसकेको र बाहिरको केही काम मात्रै बाँकी रहेको छ । त्यो पनि छिट्टै पूरा हुने उनले बताए। रू. एक अर्ब २० करोड लगानीमा प्रदेशसभा भवन निर्माण भइरहेको हो। वाइबी स्टोन बिल्डर्स प्रालिले उक्त निर्माणको जिम्मा पाएको छ । प्रदेशसभा भवनमा सभाहलसँगै भिआइपी कोठा, भोटिङ कोठा, मर्यादापालकका लागि गरी १४ ओटा कोठा बनेका छन्।



स्थायी राजधानी तोकिए पनि अहिलेसम्म भालुवाङबाट कामकाज हुन सकेको छैन। ग्रामीण तथा शहरी विकास मन्त्रालय र स्वास्थ्य जनसंख्या तथा परिवार कल्याण मन्त्रालय भालुवाङमा सरे पनि काम भने बुटवलबाट हुँदै आएको छ। स्थायी राजधानी तोकिएपछि प्रदेशको स्थायी राजधानीलाई आवश्यक पर्ने संरचना निर्माण गर्न प्रदेश पूर्वाधार विकास प्राधिकरण गठन भई काम गर्दै आएको छ । त्यस्तै प्रदेश पूर्वाधार प्राधिकरणअन्तर्गत जग्गा एकीकरण आयोजनाको कार्यालय पनि खुलेको छ।

२०७७ असोज २० गतेको प्रदेशसभा बैठकले दाङको राप्ती गाउँपालिका, गढवा गाउँपालिका वडा नं १, २ र ३ तथा अर्घाखाँचीको शीतगङ्गा नगरपालिका-८ र ९ वडालाई केन्द्र मानेर स्थायी राजधानी तोकेको थियो । जतिबेला एक वर्षभित्र स्थायी मुकामबाट काम शुरू हुने भनिएको थियो। तर त्यसो हुन सकेन।

विसं २०५० मा स्थापना भएको राप्ती गाउँपालिका-५ स्थित राप्ती प्राविधिक शिक्षालय १६ बिघा क्षेत्रफलमा फैलिएको छ। जहाँ अहिले तीन सय जना अटाउन सक्ने एउटा सभाहलसमेत छ । साना-ठूला गरेर ३५ ओटा भवन रहेको राप्ती गाउँपालिका अध्यक्ष प्रकाश विष्टले बताए। 'हामीसँग भवन प्रशस्त छन्,' उनले भने, 'यिनै भवनमा सबै मन्त्रालय चलाउन सकिन्छ, त्यसैले हामीले छिटो कामकाज दाङ सार्नका लागि पहल गरिरहेका छौं ।' अहिले तिनै भवनलाई मर्मत गरेर मन्त्रालय चलाउने गरी तयारी थालिएको छ।

रासस

# संबैधानिक आयोगको टोली चुनावको अनुगमन गर्न कपिलबस्तुमा



**गौतमबुद्ध सन्देश**

कपिलबस्तु, कात्तिक ३०।

संवैधानिक आयोगको टोली चुनावको अनुगमन गर्न कपिलवस्तु पुगेको छ । मुस्लिम आयोगका अध्यक्ष समिम मियाँ अन्सारीको नेतृत्वमा कपिलबस्तु पुगेको हो । टोलीले कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रसहित जिल्लाका सुरक्षा अधिकारीहरुसँग छलफल गरेको छ । अन्सारीले निर्वाचनको तयारी, शान्ति सुरक्षाको अवस्था लगायतका विषयमा छलफल गरिएको बताए।

निर्वाचन अनुगमनमा संवैधानिक आयोगहरुले टोली नै बनाएर जाने यसअघि निर्णय गरेका थिए । जिल्लामा मंसिर ४ को प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनको तयारी अन्तिम चरणमा पुगेको प्रमुख जिल्ला अधिकारी धमेन्द्र कुमार मिश्रले जानकारी दिए । निर्वाचनलाई लक्षित गरी निर्वाचन विशेष सुरक्षा रणनीति तयार गरी अघि बढेको उनले बताए। 'सुरक्षाकर्मीलाई निर्वाचनका लागि सम्बन्धित स्थानमा परिचालन गरी सकेका छौ' उनले भने । निर्वाचनमा म्यादी, नेपाल सशस्त्र प्रहरी, नेपाली सेना तथा राष्ट्रिय अनुसन्धानका कर्मचारीहरु खटिने छन्।

निर्वाचनको दिन ४४ वटा भन्दा बढी सुरक्षा मोबाइल गस्ती परिचालन हुने छन् । यस्तै सहायक प्रजिअ अनिल पौडेलको नेतृत्वमा सुरक्षा अनुमगन टोली समेत परिचालन गरिनेछ। जिल्लामा कायम गरिएको २ सय ३५ मतदान स्थल र ४ सय ७३ वटै मतदान केन्द्रलाई नेपाली सेनाको प्राविधिक टोलीको सहयोगमा गुगल म्यापमा राखिएको छ । प्रजिअ मिश्रले भने 'हरेक मतदान केन्द्रमा १० मिनेट मै सुरक्षाकर्मीको टोली पुग्ने गरी प्रबन्ध गरिएको छ। '

अनुगमनमा अन्सारी सहित राष्ट्रिय मानवअधिकार आयोगका सदस्य मनोज दुवाडी र थारु आयोगका सदस्य उमाशंकर प्रसाद चौधरी लगायतको सहभागिता रहेको थियो। कार्यक्रममा जिल्ला प्रहरी कार्यालय कपिलबस्तुका प्रहरी उपरिक्षक प्रेम बहादुर बस्नेत, शसस्त्र प्रहरी उपरिक्षक सुर्य बहादुर सेन वली र राष्ट्रिय अनुसन्धानका प्रमुख मोहन कुवंरको पनि सहभागिता रहेको थियो।






## सम्पादकीय

# निर्वाचनको मुखमा युवा पलायन

रोजगारीका लागि विदेश जाने युवाहरुलाई निर्वाचनले रोक्न सकेन । आसन्न निर्वाचनको मुखमा पनि युवाहरु घर परिवार र मतदान गर्न छाडेर विदेशिइ रहेका छन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल काठमाण्डौं, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवा र स्थलमार्ग हुँदै नेपाल छाड्ने युवाहरुको ताँती नै देखिन्छ। विमानस्थल हुँदै अहिले पनि दैनिक १ हजार ५ सय भन्दा बढी युवाहरु रोजगारीका लागि विदेशिइ रहेका छन् । साउदी अरब, दुबई, मलेशियालगायतका खाडी मुलुक जाने युवाहरुलाई निर्वाचनभन्दा रोजगारी महत्वपूर्ण बनेको छ । त्यसैगरी भारतमा मजदुरी गर्न जाने पश्चिम क्षेत्रका युवाहरुको भन्सार नाकामा उस्तै ताँती छ। बेलहिया, रुपौडिया, गौरीफण्टालगायतका भारतसँग जोडिएका प्रमुख नाकाहरुबाट दैनिक सयौंको संख्याका युवाहरु भारत पसिरहेका छन् । भारत वा तेश्रो मुलुकमा जाने युवाहरुका लागि निर्वाचन र मतदानको महत्वबारे जानकारी नभएको होइन । यद्यपि निर्वाचनभन्दा महत्वपूर्ण आफ्नो रोजगारी बन्यो। निर्वाचनको पूर्वसन्ध्यामा समेत देश छाड्नेको संख्या यथावत रहनु चिन्ताको बिषय हो।

वैदेशिक रोजगारी युवाहरुको बाध्यता हो । देशभित्रै रोजगारीका अवसर नहुनु, रोजगारी पाएपनि न्युन पारिश्रमिकका कारण परिवार पाल्न नसक्नु, महंगीले थिचेर घरायसी खर्च बढ्नु जस्ता कारणले युवाशक्तिलाई देश छाड्नैपर्ने अवस्थामा पुर्‍याएको हो । राजनीतिक दलहरुले आसन्न निर्वाचनमा देशभित्रै रोजगारीका अवसर उपलब्ध गराउने प्रतिबद्धता ब्यक्त गरेका छन् । देशका १६५ वटै निर्वाचन क्षेत्रहरुमा प्रतिनिधि सभा तथा प्रदेश सभामा उमेदवारी दिएका सबै दलका उमेदवारले गाउँ गाउँमै शिक्षा, स्वास्थ्य, रोजगारी, कृषि क्षेत्रको विकास गर्ने, युवाहरुलाई विदेशिन बाध्य हुनुपर्ने अवस्थाको अन्त्य गर्ने गरी लिखितै रुपमा घोषणापत्र जारी गरेका छन् । नेताहरुले घोषणापत्र जारी गर्दै गर्दा त्यसलाई युवा मतदाताहरुले विश्वास गर्न सकेनन् । दलहरुले बोलेका कुरा पुरा गर्छन् भनेर विश्वास गर्न नसकेरै मतदानको दिनसम्म पनि कुर्न सकेनन् । आम मतदातालाई जसले जितेपनि आफ्नै लागि गर्ने हुन्, जनताका लागि केहि उपलब्धि हुँदैन भन्ने परेको छ । निर्वाचनका समयमा गरिने प्रतिवद्धता केवल देखाउनको लागि मात्र हो भन्ने भ्रम मेटिने गरी जबसम्म दलहरुले विश्वास दिलाउन सक्दैनन् घोषणापत्रप्रति जनविश्वास बढ्न सक्दैन । मतदानका लागि भारत वा तेश्रो मुलुकमा रहेका मतदाता देशभित्र आउने क्रम बढ्नुपर्नेमा उल्टो भैरहेको छ । देशमा ब्यवस्था परिवर्तन भएपनि गाउँको अवस्था फेरिन सकेन । जनताको जीवनस्तर फेरिन सकेन । निर्वाचनले दल र नेताको अवस्था मात्रै सुध्रियो । यसपटकका निर्वाचनमा जारी भएका घोषणापत्रहरु अक्षरसः कार्यान्वयन होऊन् र रोजगारीका लागि विदेश जाने युवाहरुलाई देशभित्रै अवसर प्राप्त हुन सकोस् ।

# रुपन्देही ३ : चर्चाको शिखरमा दीपक दाई !

**गौतमबुद्ध सन्देश डेक्स**

भैरहवा ।

निर्वाचनको मिति नजिकिदै जाँदा रुपन्देही क्षेत्र नम्बर ३ मा चर्चा शिखरमा पुगेका छन दीपक दाई । दीपक दाई अर्थात दीपक बोहारा । उनी एमाले, राप्रपा र जसपाको तालमेलबाट साझा उम्मेदवार लिएर चुनाबी मैदानमा छन् । पाँच दशकदेखि रुपन्देही जिल्लाको राजनीतिमा सक्रिय दीपक बोहोरालाई साना ठुलो सबै उमेर समुहको मानिसहरुले दीपक दाई भनेर सम्बोधन गर्ने गर्दछन् । हामीले दीपक दाईले गरेका कामको बारेमा एकजना मतादाताले लेखेको पत्रलाई यहाँ उल्लेख गरेका हौं । पत्रको व्योहारा यस्तो छ :

*दीपक दाई ! यो नाम रुपन्देही क्षेत्र नम्बर ३ का मतादाताको लागि प्रिय छ । दीपक दाई यतिबेला रुपन्देही क्षेत्र नम्बर ३ बाट प्रतिनिधीसभा सदस्य पदमा उम्मेदवार हुनुहुन्छ । उहाँको हसिलो अनुहार र सडकका मानिसदेखि महलमा बस्नेहरुसँग पनि सहजै भेटघाट गर्ने सरल स्वभाव नै उहाँको व्यक्तित्व हो ।*

*नेपाली राजनीतिमा तीसको दशकदेखि चर्चित नाम पनि हो दीपक बोहोरा । पाका पुस्ताको लागि यो नाम चिनाईरहन पर्दैन । रुपन्देही जिल्लाको विकासको सुत्रधार नै दीपक बोहोरा हुनुहुन्छ । उहाँले जे गर्नुभयो देशको लागि गरिरहनु भएको छ । दीपक दाई भैरहवाका मात्रै नभएर सिंगो रुपन्देहीको आडभरोसाका केन्द्र भईरहनु भएको छ । रुपन्देहीमा ०४१ सालमा भैलुभुज आयोजना ल्याएर यहाँको सुख्खा खेतहरुलाई सिंचित गर्ने, गाउगाउमा बाटो र विद्यूत्तिकरण गर्ने काम गरेर देशव्यापी नाम कमाउन सफल दीपक दाईको नेतृत्वमा भएका असंख्य काम छन् । दीपक दाईले शंकर नगर खानेपानि र धकधई खानेपानि मार्फत घरघरमा शुद्ध पानी पुराउने, पुर्व पश्चिम राजमार्गको रामापुरदेखि लुम्बिनीको सडक ट्रयाक खोल्ने, बेथरी मर्चवार सडक विस्तार गर्ने, गाउँगाउँमा विद्यालय र स्वास्थ्य चौकि स्थापना गर्ने मात्रै काम गर्नुभएन दीपक दाईले । उहाँले भैरहवामा गौतमबुद्ध विमानस्थल निर्माणको लागि ०३८ सालमा नै पहल गरेकै कारण आज भैरहवामा अन्तराष्ट्रिय जहाज चलिरहेका छन् । भैरहवा बुटवल छ लेन सडक, भैरहवा तिलौराकोट सडकको स्तरोन्नती, भैरहवा परासी हुलाकी सडकको स्तरोन्नती मात्रै होइन बातवरण मैत्री कामका क्षेत्रमा पनि उहाँले गरेका काम धेरै छन् ।*

*मिडीयामैत्री, भाषा साहित्य कला र संस्कृतिको संरक्षणको लागि योगदान दिईरहने नेपाली राजनीतिको यात्रामा निरन्तर लागिरहेको व्यक्तित्व दिपक दाई उद्यमी व्यवसायी, किसान मजदुर, राष्ट्रसेवक कर्मचारी लगायत सबैको प्रीय रहनुभएको छ ।*

*मंसिर ४ को निर्वाचनमा एमाले र जसपाले उहाँलाई समर्थन गरेको छ । गएको निर्वाचनमा कांग्रेसले समर्थन गरेको थियो । यसैले सबै दलको साझा उम्मेदवार रहेको यो घटनाले पनि पुष्टी गर्दछ । तसर्थ हलो चुनाब चिन्ह सहित प्रतिनिधीसभा सदस्य पदमा रुपन्देही क्षेत्रनम्बर ३ मा उम्मेदवारी दिनुभएका भएका दीपक दाईलाई यस पटक हाम्रो मत जानेछ । हाम्रो मत मात्रै होइन, हामी छिमेकी, हामी गाउ सहर टोलबासी, क्षेत्र बासी सबैको मत दिने विश्वास व्यक्त गर्दछौं ।*

*म रुपन्देही क्षेत्र नम्बर ३ का मतादाता यसपटक अरु केहि नगरी, केहि नसोँची प्रतिनिधी सभा सदस्य पदमा दिपक बोहोराको हलो चुनाब चिन्ह र प्रदेश १ मा महेन्द्र यादवको छाता र प्रदेश २ मा तुल्सी प्रसाद चौधरीको सुर्य चिन्हमा मतदान गर्ने मनस्थितीति बनाइसकेँ तपाईले नि ?*

*मानवहादुर थापा*

*सियारी १*



**यस्तो छ चुनाबी मैदानको अवस्था**

आसन्न निर्वाचनको संघारमा रुपन्देही ३ मा यतिबेला पुर्वमन्त्री दीपक बोहोरा र बहालवाला गृहमन्त्री बालकृष्ण खाणबीचको रोचक प्रतिसपर्धा चलिरहेको छ । चुनाबी कार्यक्रम देखि संयन्त्र परिचालन मात्रै होइन हरेक मतादाताको चिया गफमा यी दुई उम्मेदवारको बढी चर्चा हुने गर्दछ।

यसो त रुपन्देही ३ मा लौरो चुनाब चिन्हका प्रख्यात बन्जाडे र क्रस खुकुरी चुनाब चिन्ह भएका केशब विक्रम खड्काले बोहोरा पक्षको मत तान्छन् की खाण पक्षको मत तान्छन् भन्ने विषयले पनि यहाँको निर्वाचनलाई पेचिलो बनाएको छ।

यी दुई हेभी वेटको बीचको प्रतिसपर्धामा कसले बाजि मार्ला भनेर धेरैले अनेकथरी अड्कलबाजी गरिरहेका छन् ।

५ दलिय गठबन्धनबाट उम्मेदवार रहेका बालकृष्ण खाणको चुनाबी परिचालन नै अस्तव्यस्त जस्तै छ । सत्ता र शक्तिको हिसाबले जिल्लामा दबाब र प्रभाव फैलाउँन गृहमन्त्री खाँण सफल भएता पनि निर्वाचन रणनीतिमा उनी कमजोर देखिएका छन् । खासगरीकन उनले विगतमा रुपन्देहीमा कांग्रेसका नेता रामकृष्ण ताम्रकार पक्ष हाबी हुँदा कमजोर अवस्थामा पनि बालकृष्ण खाणलाई सर्पोट गरिरहने पुराना देउवा पक्षीय कांग्रेस नेतालाई बाहिर राखेर चुनाबी संयन्त्र बनाउँदा खाँण यतिबेला कमजोर बन्न पुगेका हुन् । अर्कोतिर उनले व्यवसायी कृष्ण प्रसाद शर्मालाई सिद्धार्थनगरको अबको मेयरको उम्मेदवार बनाउने प्रतिबद्धता सहित चुनाबी अर्थ कमान्डर तोकेको कारण पनि कांग्रेसमा दशकौ राजनीति गरेकाहरु रुस्ट बनिरहेका छन् । यसैगरी खाँणले प्रहरीको तैनाथी सहित घरदैलो गर्दा जनताले सहजै भेटघाट पाउन कठीन छ। यद्यपी खाँण विगतमा भन्दा शालिन र भद्र शैलीमा प्रस्तुत हुदै मतादाता समक्ष पुगीरहेका छन् ।

बोहोराको मुख्य समस्या भनेको कोणसभाहरुमा बोल्न नसक्नु हो । पोस्ट कोभिढको कारण उनको घाटिमा भएको समस्याले गर्दा उनले आफ्ना एजेन्डा प्रस्ट राख्न नसकेता पनि एमाले, राप्रपा र जसपाको सशक्त टिमले बोहोराको आवज बुलन्द पारिदिएको छ । गत निर्वाचनमा एमालेले जितेको क्षेत्र भएकोले पनि रुपन्देही ३ मा एमाले पंक्ति सक्रिय भएसँगै बोहोरा झन बलियो हुँदै गएका छन् । एमालेको तर्फबाट रुपन्देही ३ मा चुनाबी कमान्ड सम्हालेका पार्टिका जिल्ला उपसचिव हितराज पन्थि भन्छन, 'प्रतिनिधीसभा सदस्यमा दीपक बोहारा, प्रदेश सभामा महेन्द्र यादव र तुलसी चौधरीलाई जिताउन कुनै कसुर बाँकी राखेका छैनौ । हामीले जितीसकेका छौं । '

पन्थिले एमाले, राप्रपा र जसपाको साझा उम्मेदवारले जितिसकेको बताए । उता खाँणलाई पुर्वगृहमन्त्री निरन्जन थापाले पनि ओझेलमा पारेका छन । हरेक दिनका दर्जनौ सार्वजनिक कार्यक्रममा वक्ताको रुपमा रहेका थापाले गृहप्रशासनको दुरुपयोग नगर्न चेतावनी समेत दिदा रुपन्देही प्रशासन यतिबेला अफ्ठयारोमा परेको छ।

अर्कोतर्फ खाँणलाई खुसी पार्न खाद्य गुणस्तर समेत चेकजाच नभएको, कुनै उत्पादन मिती र उत्पादकको नाम समेत नराखी खाँणका सहयोगीहरुले रुख चुनाब चिन्ह भएको मिठाई गाउगाउमा बाड्दा उम्मेदवारको बेइज्जत समेत भएको छ।

यता बोहोरालाई जसपाको टिम परिचालन नहुदा समस्या सृजना भएको छ । जसपाको रबि रौनियार सहितको टिम सक्रिय भएको छैन भने जसपाको युवा नेता मोहमद अलि स्वतन्त्र उम्मेदवारको रुपमा रहेका छन् ।

खाँणले माओवादी र एकिकृत समाजवादी , लोसपाको भर गरेका छैनन भने बोहोरालाई मुख्य भर एमाले रहेको छ । बोहोराले रुपन्देहीमा नगरेको भन्ने कुनै काम नरहेको राप्रपा केन्द्रिय सदस्य स्वाति थापाको दाबि छ । यो समाचारदाताले थापालाई बोहोराले रुपन्देहीमा के गर्नुभएको छ ताकि मत दिन जनता बाध्य होउन भनि सोधेको जिज्ञासामा भनिन, 'विक्रम सम्बत २०३० साल यता रुपन्देहीमा जे जति काम भए तीनको ईतिहाँसको तथ्यांक विश्लेषण गर्नुहोस् । हरेक योजनामा दीपक बोहोरा जिको पहलकद्मी छ । स्थल मार्ग र हवाई मार्गको विस्तार मा उहाँले गरेको काम उत्तिकै महत्वपुर्ण छ । अहिले चलिरहेको गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल, बेलहिया बुटवल छ लेन सडक, बेथरी -तामनगर निर्माणाधीन सडक, भैरहवा -परासी सडक, भैरहवा लुम्बिनी तिलौराकोट सडक जस्ता गौरबका आयोजना मात्रै हेरे पुग्छ। तथा ०४२ सालताका भैलुभुज आयोजना रुपन्देहीमा ल्याएर समग्र जिल्लाको खेतहरुलाई सींचित गर्ने काम, गाउ गाउमा विद्यूतिकरण , गाउगाउमा सडक सन्जाल विस्तार, शंकरनगर खानेपानि , धकधई खानेपानि परियोजना मार्फत शुद्ध खानेपानिको विस्तार मात्रै होइन बुटवलको दीपनगरमा सुकुम्बासीहरुलाई बस्ती बसाल्ने काम, वातवरण र हरियालीको क्षेत्रमा गरेका धेरै काम , शिक्षा र स्वास्थ्यमा मात्रै नभई समग्र मानव विकासको क्षेत्रमा उहाँले गरेका हजारौ काम छन जुन यहाँ उल्लेख गरेर सम्भब छैन । तपाई सक्नुहुन्छ भने एक पटक बुटवल दीपनगरका मानिसहरुलाई सोध्नुस् वा भैरहवा, अमुवाका मानिसरुलाई की दीपक बोहोराले के गरे रुपन्देहीकोलागि भनेर अनि तपाई प्रस्ट हुनुहुनेछ । उहाँ पहिलो पटक सहायक पर्यटन मन्त्री हुदा तत्कीलन समयमा शान्तिनगरमा रहेको विमानस्थललाई हालको स्थानबाट सन्चालन गर्ने र भैरहवा विमानस्थलको अन्तराष्ट्रियकरणकोलागि पहल गर्नुभयो । पछिल्लो समय भैरहवा विमानस्थललाई भैरहवामै सन्चालन गर्ने र मुआब्जा दिलाउने काममा ठूलो योगदान रहेको छ। यसैगरी बृहत्तर लुम्बिनी क्षेत्रको विकासकोलागि विशेष योजना र लुम्बिनी गुरुयोजना लाई अगाडी बढाउन पनि उहाको पहल रहेको छ। यसैगरी उहाँ बन तथा भुसंरक्ष मन्त्री हुदाँ विश्व माझ परिचीत गराउने गरी सबैभन्दा उचाई भएको सगरमाथाको बेस क्याम्प कालापथ्थरमा मन्त्रीपरिषद बैठक बसालेर जलवायु परिवर्तन सम्बन्धमा विश्वको ध्यान आकर्षण गर्न सफल भएको थियो । उक्त मन्त्रीपरिषद बैठकबाट बाकें राष्ट्रिय निकुन्जको क्षेत्र विस्तार, गौरिशंकर हिमाल संरक्षण क्षेत्रको घोषणा, अपिनप्पा हिमाल संरक्षण क्षेत्रका रुपमा महत्वपुर्ण काम भएको थियो । यसैगरी जैबिक विविधता र बन्य जन्तु संरक्षणकोलागि विशेष पहल भएको छ भने उहाँकै अग्रसरतामा डब्लींग द टाईगर मिशन शुरु गरि बाघ संरक्षण गर्ने काम सफल भएको छ। सन् २००९ मा १२१ वटा बाघ रहेकोमा यतिबेला ३५५ बाघ रहेको तथ्यांक रहनु पनि डब्लींग द टाईगर मिशनको सफलता हो। यसैले संरक्षण क्षेत्रमा कार्यरत माझ उहा टाईगर मिनीस्टर पनि भन्ने परिचय छ । यसैगरी २०७४ मा स्वास्थय मन्त्री हुदा जनपक्षीय धेरै निर्णय भएको छन् जस्तो दीर्घरोगी मृगौला, क्यान्सर, मुटु तथा मेरुदन्डको समस्याबाट ग्रस्त दीर्घरोगीकोलागि मासिक ५ हजारको दरले सरकारले सहयोग गर्ने लागु गरेको थियो । उक्त नीति अहिले पनि विद्यमान रहेको छ। कोभिढको समयमा उहाँको अग्रसरतामा नेपाल सरकारलाई स्वास्थ्य सामग्री उपलब्ध गराइएको थियो।

म फेरि पनि भन्छु, ५० बर्षदेखिको राजनीतिक निरन्तरता, स्थानिय विकास निर्माण र राष्ट्रिय एवं अन्तराष्ट्रिय राजनीतिमा पहुँच र प्रभाव राख्न सक्ने क्षमता भएको सबै पाटिका शीर्ष नेताहरुसँगको राम्रो सम्बन्ध भएको कारणले दीपक बोहोराले विगतमा धेरै राष्ट्रिय गौरबको आयोजनाहरु, एडिबीको कार्यक्रमहरु रुपन्देही क्षेत्र नम्बर ३ मा ल्याउन सफल हुनुभएको हो । निर्वाचन जितेर मात्रै होइन त्यसकोलागि सबै ठाउमा पहुँच र विश्वास विस्तार भएको हुनुपर्छ । हाम्रो तीन दलिय साझा उम्मेदवार दीपक बोहोरा, महेन्द्र यादव र तुलसी चौधरी जाति, भुगोल र स्थानियताको हिसाबले पनि विविधतामा एकता भएको नेताहरु हुन् । राप्रपाको बरिष्ठ नेता बोहोरा, जसपाको केन्द्रिय नेता यादव र एमालेको केन्द्रिय नेता चौधरीको पक्षमा यतिबेला रुपन्देही क्षेत्र नम्बर ३ मा माहौल तयार भईसकेको छ। विगतका धेरै योजनाहरु जस्तो की डन्डा करिडोरको काम अगाडी बढाउनुपर्नेछ, भैरहवा मन्डपकोलागि जग्गा व्यवस्थापन गर्दै मन्डप निर्माण गर्नुपर्नेछ, क्षेत्रको मुख्य बजारहरुमा पार्किंग समस्या भईरहेको छ त्यसकोलागि योजनाबद्ध काम गर्नुपर्नेछ । उचीत खेल मैदान, खेल खेलाडीको संरक्षण, फोहोर मैला व्यवस्थापन, सामाजिक तथा साहित्यीक संघसंस्थाको विकास, सञ्चार गृहहरुको संरक्षण तथा अन्तराष्ट्रिय सीमाना बेलहियादेखि पुर्व पश्चिम राजमार्ग सम्म फैलिएको यो निर्वाचन क्षेत्रको विकासकोलागि अल्पकालिन र दीर्घकालिन योजना सहितको गुरुयोजना बनाएर भौतिक र सामाजिक विकासको काम गर्नकोलागि पनि मतादातालाई यसपटक प्रतिनिधीसभा सदस्यमा हलोमा, प्रदेश १ मा छाता र प्रदेश २ मा सुर्यमा मतादान गर्नुपर्छ ।

■

# रूपन्देहीलाई शैक्षिक हव कसरी बनाउने ?

## यस्ता छन् पूर्वअर्थमन्त्रीका शैक्षिक एजेण्डा

**गौतमबुद्ध सन्देश**

बुटवल, ३० कार्तिक।


रुपन्देहीलाई मुलुककै शैक्षिक हबमा विकास गर्ने र अन्तर्राष्ट्रिय जगतबाट विद्यार्थी पढ्न आउने शैक्षिक वातावरण तयार पार्नेगरी पूर्वअर्थमन्त्री तथा एमाले उपाध्यक्ष विष्णु पौडेलले शैक्षिक एजेण्डाहरुलाई अघि सारेका छन्। भौतिक पूर्वाधारको विकाससँग अबको यात्रा मानवीय विकास र रोजगार सिर्जनामा केन्द्रित हुने बताएका उनले प्राविधिक शिक्षालाई प्राथमिकतासाथ अघि सारेका छन्।

रुपन्देहीको तिलोत्तमा-१ मा तत्कालीन अर्थमन्त्री पौडेलले सरकारी मेडिकल कलेज स्थापनाको अवधारणा अघि सारेका थिए। तत्कालीन समयमै वरिष्ठ चिकित्सक डा. सरोज ओझाको संयोजकत्वमा गठित प्रारम्भिक अध्ययन समितिले प्रस्ताव गरिएको जग्गा कलेज स्थापनाका लागि उपयुक्त रहेको ठहर गर्दै शिक्षा मन्त्रालयमा प्रतिवेदन बुझाएको थियो। त्यही प्रतिवेदनलाई कार्यान्वयन गराउन पौडेलले लविङ गरेका थिए। त्यसपछि तिलोत्ततमा मेडिकल कलेज स्थापना कार्य सुरु भएको थियो। अहिले सरकारी मेडिकल कलेजको डिपीआर तयार भइसकेको छ।

तिलोत्तमा नगरपालिकाका वडानम्बर १ र ८ मा पर्ने शंकरनगर सामुदायिक वन र करहिया सामुदायिक वनको २ सय विगाह जग्गामा मेडिकल कलेज बन्नेछ। गुरुयोजना अनुसार १ हजार बेडको अस्पताल बन्नेछ। सुरुमा ३ सय बेडको हुने र क्रमश १ हजार बेडको अस्पताल बन्नेछ। बुटवल मेडिकल कलेजको ८ चैत २०७५ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले तिलोत्तमामा कार्यालयको उद्घाटन गरेका थिए। आगामी मंसिर-४ को निर्वाचनका लागि रुपन्देही-२ बाट उम्मेदवार नेकपा एमालेका उपाध्यष विष्णु पौडेलले अब मानवीय विकासमा केन्द्रित हुने बताउँदै आएका छन्। शिक्षा र स्वास्थ्यलाई मुख्य प्राथमिकतामा राखेर रुपन्देहीको विकास अघि बढ्ने बताउँदै आएका उनले आफ्नो चुनावी प्रतिवद्धतामा समेत रुपन्देहीको शिक्षामा विभिन्न योजनाहरु प्रस्तुत गरेका छन्। तिलोत्तमामा स्थापना गरिने मेडिकल कलेजका लागि अन्तर्राष्ट्रिय स्तरको पूर्वाधार निर्माण गरी स्वास्थ्य विज्ञानका सबै प्रमुख विषयमा स्नातक, स्नातकोत्तर एवं विद्यावारिधि तहका कक्षा सञ्चालन गर्ने अस्पताललाई सविधसम्पन्न विशिष्टिकृत अस्पतालको रुपमा सञ्चालन गर्ने उनको संकल्प रहेको छ।

यसैगरी रुपन्देहीको तामनगस्थित कोरिया नेपाल बहुप्राविधिक शिक्षालय (केएनपिआई) लाई मुलुककै उत्कृष्ट प्राविधिक एवं व्यवसायिक शिक्षा प्रदान गर्ने नमुना शिक्षालयमा विकास गर्ने र त्यहाँबाट वार्षिक रुपमा रोजगारी र स्वरोजगारीमा संलग्न हुन सक्ने हजारौं विद्यार्थी उत्पादन गर्ने लक्ष्य लिइएको छ। यस क्षेत्रका विद्यार्थीहरुलाई अवस्थाअनुसार निःशुल्क तथा सहुलियतमा पढ्न पाउने व्यवस्था गर्ने प्रतिवद्धतामा उल्लेख छ। बुटवलको टेक्निकल इन्स्टिच्युट (बिटिआई) मा हाल सञ्चालित प्राविधिक एवम् व्यावसायिक कक्षाको विषय एवम् दायरा विस्तार गर्नुका साथै यस इन्स्टिच्युटलाई इन्जिनियरिङ कलेजमा स्तरोन्नति गर्ने संकल्प पौडेलले गरेका छन्।

देवदहमा लुम्बिनी बौद्ध विश्वविद्यालयका लागि केन्द्रीय क्याम्पस, प्रशासनिक भवन र अन्य संरचना निर्माण गरी यसलाई बहुविषयक विश्वविद्यालयमा विकसित गरी पूर्ण क्षमताकासाथ सञ्चालनमा ल्याउने योजना प्रस्तुत गरिएका छ। रुपन्देहीकै नयाँगाउँस्थित बुटवल सिटी कलेजको पूर्वाधार निर्माण सम्पन्न गरी लुम्बिनी बौद्ध विश्वविद्यालयको उत्कृष्ट आङ्गिक क्याम्पसमा स्तरोन्नति गर्ने पौडेलको प्रतिवद्धता पत्रमा उल्लेख छ। बुटवल बहुमुखी क्याम्पसको गुरुयोजना तयार पारी तदनुरुपको पूर्वाधार निर्माण गरी शैक्षिक गुणस्तरमा सुधार ल्याउने, आवश्यक पूर्वाधारसहित लुम्बिनी वाणिज्य क्याम्पसलाई मानित विश्वविद्यालयमा स्तरोन्नती गरी विज्ञान प्रविधि सङ्काय थप गर्ने योजना अघि सारिएको छ।



विभिन्न १४ वटा बुँदामा समेटेर समग्र रुपन्देहीको शिक्षामा मुहार फेर्नेगरी पौडेलले प्रस्तु गरेका प्रतिवद्धतामा विद्याय जाने उमेर समूहका सबै बालबालिकालाई निःशुल्क रुपमा विद्यालयमा शिक्षा प्रदान गर्ने वातावरणको सिर्जना गर्न भर्ना अभियान प्रभावकारी रुपमा सञ्चालन गर्ने र बिचमा पढाइ छाड्ने प्रवृत्तिको न्यूनिकरण गर्ने उल्लेख गरिएको छ। सम्पूर्ण सामुदायिक विद्यालयहरुमा आवश्यकता अनुरुप सुविधासम्पन्न कक्षा कोठा, पुस्तकालय, लैङ्गिक मैत्री शौचालय, अपाङ्गमैत्री संरचना, विज्ञान तथा कम्प्युटर प्रयोगशाला, प्रारम्भिक बालविकास केन्द्र, खेलमैदानसहितका संरचनाहरु निर्माणलाई एमाले उपाध्य पौडेलले जोड दिएका छन्।

सामुदयिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालय शिक्षा सुधार कार्ययोजना तयार पारी कार्यान्वयन गर्ने, अध्ययनका लागि विदेश जाने तथा ठूलो मात्रामा देशको सम्पत्ति विदेशिने अवस्था रोक्न र यस क्षेत्रलाई गुणस्तरीय शैक्षिक केन्द्रमा विकास गर्न संस्थागत विद्यालय तथा क्याम्पसहरुले खेलेको भूमिका र योगदानलाई सम्मान गरी गुणस्तरीय शिक्षाका लागि प्रोत्साहन, सहजीकरण र संरक्षण गर्ने उनले बताएका छन्। माध्यमिक तहका सामुदायिक एवम् संस्थागत विद्यालयहरुले कम्तिमा एउटा विषयमा प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्न पाउने व्यवस्था गर्ने प्रतिवद्धता छ।

रुपन्देहीको राममणी बहुमुखी क्याम्पस, शंकरनगर बहुमुखी क्याम्पस, पार्रोहा बहुमुखी क्याम्पस, सिद्धार्थ गौतम बुद्ध क्याम्पस, बुटवल कालिका क्याम्पस र सरस्वती संस्कृत विद्यापीठको पूर्वाधार निर्माणका साथै शैक्षिक गुणस्तरमा सुधार गर्ने लक्ष्य प्रस्तुत गरिएको छ। सैनामैनामा कृषि तथा वन विश्वविद्यालय अन्तरगत कृषि क्याम्पस स्थापन गर्ने एजेण्डालाई एमाले उपाध्यक्ष पौडेलले प्रस्तुत गरेका छन्।

# रज्जाकको पर्खाइमा अधुरा सडक

**राहुल देव सापकोटा**

देवदह, ३० कार्तिक।

“हत्तेरी ! एस्तो पनि बाटो हुन्छ? कहिले बन्ने हो यो बाटो?“ एक स्थानिय भुनभुनाईरहेका छन्। ती स्थानीयको आक्रोश देखेका अर्का स्थानीयले उनलाई सम्झाउँदै भन्छन्, 'अब्दुल रज्जाकले बनाउन सुरु गरेका थिए, बिचमा रज्जाकको कार्यकाल सक्किएपछि विकास ठप्प भयो।'

कुरा हो, रुपन्देही क्षेत्र नं. १ को। विकटबस्ती जहाँका जनता सडक बन्ने आशमा थिए, घर बाढिले बगाउँदा तट्बन्धनको आशमा र राहतको पर्खाइमा थिए। त्यस्ता बस्तीहरूले अहिले पनि अफ्ट्यारो पर्दा सम्झिने नाम हो- अब्दुल रज्जाक।

विकास निर्माणका काममा पारदर्शी नेता मानिने अब्दुल रज्जाक नेपाली कांग्रेसको अग्रपंक्तिमा रहेर काम गर्दै २०७० सालको संविधानसभा निर्वाचनमा यसै क्षेत्रबाट निर्वाचित भएर संविधान मात्रै बनाएनन्। नेपाल सरकारको संघीय खानेपानी राज्यमन्त्री समेत भएर जनताको सेवा गरे।

संविधान लेखनको लागि निर्वाचित भएको कार्यकालमा समेत रज्जाकले रुपन्देही क्षेत्र नं. १ मा १० वटा पुल, ३ तीनसय किलोमिटर सडक कालोपत्रे र सिंचाई आयोजनाको लागि रोहिणी नदीमा बाध निर्माणको काम प्रारम्भ गरे।

रज्जाकले भलुही-भुपु सैनिक, कान्छी बजार-कोरवानी-मधौली हुँदै बेलहिया चोक सम्म सडकको डिपिआर गरि बहुवर्षिय ठेक्काको सुरुवात गरे। इमलिहवा, बोर्डरदेखी बसन्तपुर, छिपागडह, सेमरहवा, जमुहानी, शंकरपुर, ढेकावर, केरवानी, सिँगाहा, टटेरा, हुँदै भलुही मेडिकल कलेजसम्मको सडकको कालोपत्रे उनैको पालामा सम्पन्न भयो।

विकास हुने क्रममा घरहरु र जनसंख्याको चाप बढ्नु स्वभाबिक हो। जनसंख्याको अवस्था हेरेर सडक व्यवस्थापन हुनुपर्नेमा रज्जाकको कार्यकाल समाप्त भएपछि ती सडकहरु व्यवस्थापन, निर्माण र कालोपत्रेको अभावमा आज सडकहरू धुलाम्य हुन पुगेका छन्। पक्किपुलको अभाव झेलिरहेको चरङ्गेमा पक्कीपुल निर्माण सङ्गै सोही स्थानको मुढाबासमा झुलोङ्गे पुल निर्माण गरेर त्याहाका बासिन्दालाइ सहज बनाए र उनले चरङ्गेलाई १२ महिनै बुटवलसंग जोडे। जसले गर्दा बिद्यार्थीहरुलाइ आवतजावतमा सहज हुन पुग्यो र कृष्कलाइ कृषि उत्पादनलाइ बजार सम्म पुऱ्याउन सहज भयो। ऐतिहासिक मानिने रोहिणी नदिमा पक्की पुल निर्माण गरे। केरवानीदेखि उखुबारी जोड्ने कजरार खोलामा पुल निर्माणको काम प्रारम्भ गरे। उनले शिलान्यास गरेको उक्त पुलको काम उनको अवधी सकिएपछि अगाडि बढ्न सकेन। २०७४ मा निर्वाचित सांसद छविलाल विश्वकर्माले बेवास्ता गर्दा राज्यको करोडौं लगानी भैसकेको उक्त पुल आजपनि वेवारिसे जस्तै बनेको छ।

विकास निर्माणका काममा सधै अग्रसर हुने नेता रज्जाकले टटेरा हुँदै देवदह मेडिकल कलेजसम्म जाने सडकको डिपिआर सम्पन्न गरेका थिए। तर आफ्नो कार्यकालको अन्त्य तिर काम प्रारम्भ हुने चरणमा पुगेको र कार्यकाल सकिएपछी त्यो काम रोकीएको उनी बताउँछन।

रज्जाक ती नेता हुन् जसले सेमरहवा, अमरहवा हुँदै बोधबार भारतको सिमासम्मको सडकको निर्माण सङ्गै भगवानपुरदेखि मैनिहवा जाने सडकको कालोपत्रे सुरुवात गरे।

हुलाकी राजमार्गदेखि छोट्की खुरहुरिया हुँदै पोखरभिन्डी जाने सडक निर्माणको काम प्रारम्भ गरे। अमरहवा देखि कोटहवा जाने सडक कालोपत्रे सुरुवात गरे सङ्गै रुपन्देही क्षेत्र नं १ को धार्मिक तथा पर्यटकिय क्षेत्रमा निशुल्क सोलार जडान उनैको कार्यकालमा प्रारम्भ भएको थियो।

कम बोल्ने, सानो स्वरमा बोल्ने अनि आफुले गरेका कामको प्रचार गर्न नचाहने रज्जाक यस क्षेत्राका विकासप्रेमी नेता मानिन्छन्।

यतिबेला उनै रज्जाक रुपन्देही-१ अन्तरगत प्रदेशसभा सदस्य-१ (ख) मा उम्मेदवारी दिएर चुनावी मैदानमा छन्। सत्तारूढ गठबन्धनको समर्थन प्राप्त उनका सहयात्री प्रतिनिधि सभा सदस्य पदमा बौद्धिक नेता घनश्याम भुसाल त्रिभुज चिन्ह लिएर मैदानमा छन् भने प्रदेश सभा-२ मा नेपाली कांग्रेस कै युवानेता विश्वनाथ यादव चुनावी मैदानमा छन्।


## Invitation for Bids
## Office of Simraungadh Municipality

Simraungadh, Bara

Madhes Provence, Nepal

*Contract Identification No: 02/SMC/2079/080*

*Date of publication: 2079/08/01 (17th Nov 2022)*

1. The **Simraungadh Municipality** invites sealed bids from eligible bidders for the procurement of **Supply, Delivery and Installationof AC Mass Light of Total cost Including vat NRs 11803984.00 With Bid Document Amount 3,000/- And Bid Security NRs 300000/-**
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **Simraungadh Municipality, Simraungadh, Bara.**
3. A complete set of Bidding Documents may be purchased from the **Simraungadh Municipality, Simraungadh, Bara** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs 3000/ till 2079/09/01 (16th Dec 2022) during office hours .

**Information to deposit the cost of bidding document in Bank:**

Name of the Bank: Global IME Bank Ltd., Simraungadh, Bara.

Name of Office :-**Simraungadh Simraungadh Municipality, Office of the Municipal Executive, Simraungadh, Bara.**

Account Name:- **Simraungadh Municipality, Office of the Municipal Executive, Simraungadh, Bara**

Account no.: 24904010000007

Sealed bids must be submitted to the office **Simraungadh Municipality, Simraungadh, Bara** by hand/courier before 12:00Hrs on 2079/09/03 (18th Dec 2022). Bids received after this deadline will be rejected.

4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hrs on 2079/09/03 (18th Dec 2022) at the office of **Simraungadh Municipality, Simraungadh, Bara.** Bids must be valid for a periodof 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format amounting to aminimum of **NRs. 3,00,000/-**, which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wish to submit Bid Security in the form of cash, the cash should be deposited in as written Bid Data Sheet. And submit the receipt of the deposited amount along with bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Pre bid Meeting shall be held at **Simraungadh Municipality, Simraungadh, Bara** on 2079/08/21 (07th Dec 2022) at1:00 Hrs.
10. The supplier shall provide a performance security of 5% of the contract price in NRS issued by "A" class commercial bank located in Nepal, and shall be valid at least 30 days beyond the warranty period.
11. The purchaser reserves the right to accept or reject, wholly or party any or all the bids without assigning reason, whatsoever.






# देवदहको विकास आवश्यक छ : स्वतन्त्र उमेदवार भुसाल

**गौतमबुद्ध सन्देश**
देवदह, ३० कार्तिक।



सत्तारुढ गठबन्धनको समर्थनमा रुपन्देही९१ बाट प्रतिनिधि सभा सदस्य पदका स्वतन्त्र उम्मेदवार घनश्याम भुसालले देवदह क्षेत्रको विकासले समग्र लुम्बिनी प्रदेशको विकासको प्रतिनिधत्व गर्ने बताएका छन्।

रुपन्देही क्षेत्र नम्बर १ अन्तर्गत देवदहका बिभिन्न पर्यटकीय क्षेत्रहरुको अवलोकन गर्दै भुसालले पर्यटन प्रबर्दनको माध्यमबाट क्षेत्रको विकासमा अहम् भूमिका खेल्ने बताए ।

गौतम बुद्धको मावली क्षेत्र देवदह आफैमा महत्व बोकेको एतिहासिक क्षेत्र भएको तर लुम्बिनी जत्तिकै विकास हुन नसकेको महसुस आफुले गरेको बताउँदै भुसाले यस क्षेत्रका पुरातत्विक एतिहासिक क्षेत्र भवानीपुर पाकडी क्षेत्र, बैरीमाइ, कन्यामाइ, खयरडांडा, पुस्करानी दह, माथागडी जस्ता पुरात्विक स्थानहरुको संरक्षण तथा सम्बर्दन गरि पर्यटकीय क्षेत्रको विस्तार गरिने र पर्यटनको माध्यमबाट स्थानीयको आर्थिक स्तर उकास्न पहल गरिने प्रतिबद्दता जनाए।

गौतम बुद्धको जन्मस्थल लुम्बिनीसंग प्रत्यक्ष सम्बन्ध जोडिएको देवदहमा लुम्बिनी बौद्ध विश्वविद्यालयको स्थापनाको लागि जग्गाको समेत व्यवथापन भैसकेको अवस्थामा अब विश्वविद्यालय बने पश्चात देवदहको विकासले थप गति लिने उनको भनाइ छ। लुम्बिनी आउने पर्यटकलाई देवदहसम्म आउने वातारण मिलाउन र सोहि अनुसारको पुर्वाधार विकासमा आफुले भूमिका खेल्ने उनको भनाइ छ।

यसैविच गठबन्धनबाटै प्रदेश सभा सदस्य पदका उम्मेदवार विश्वनाथ यादवले देवदह र क्षेत्र नं. १ कै अव्यवस्थित बसोवास र भुमिहिनको समस्या समाधान आफ्नो पहिलो प्राथमिकता रहेको बताए। क्षेत्रको सुकुम्बासी समस्या पुर्ण रुपमा समाधान गर्ने उनको भनाइ छ।

घरदैलो अभियान अन्तर्गत मंगलबार देवदहका ३,४ र तिलोतामा १० मा मतदाता भेटघाट कार्यक्रम सम्पन्न भएको संयुक्त निर्वाचालन परिचालन कमिटिका संयोजक हिरा बहादुर केसीले जानकारी दिए।

# देश विकासको लागि एमालेका उम्मेदवारहरुले जित्नु पर्छ : नेता गैरे

**गौतमबुद्ध सन्देश**
पाल्पा ३० कार्तिक।



नेकपा एमाले पाल्पा क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्य उम्मेदवार ठाकुर गैरेले देश विकासको लागी एमालेका उम्मेदवारहरुलेंं जित्नु पर्ने बताएका छन्।

तानसेन नगरपालिका वडा नं १३ बौघागुम्वा, छेरलुङ्ग, र वडा नं १४ को अर्गलीका जनता संग घरदैलो कार्यक्रममा बोल्दै एमाले उम्मेदवार गैरेले सम्बृद्ध नेपाली सुखी नेपालीको परिकल्पना एमाले सरकारले गरेको सोही अनुसारका योजना कार्यक्रम ल्याएकोले एमाले उम्मेदवारहरुले देश विकासको लागी जित्नु पर्ने बताए।

उनले राष्ट्रियताको सवालमा एमालेको जित भनेको राष्ट्रकी हित हुने समेत दावी गरे । घर दैलो कार्यक्रममा नेता गैरेले एमालेको सरकारले तयार पारेका अधुरा काम सम्पन गर्ने र नयाँ कामको थालनीका लागि एमालेले जित्नु अनिवार्य रहेको बताए । नेता गैरेले विचार विहीन ,सिद्धान्त रहित गठबन्धनले केवल पद जित्न कै लागि जनतालाई झुक्याउने योजना बनाएको आरोप लगाउदैं मतदातालाई विवेक प्रयोग गर्न अपील गरे । यसका साथै एमालेको जित सुनिश्चित भएपछि गठबन्धनका उम्मेदवारले गर्दै नगरेको कामको समेत एकल रुपमा गरेको भनि भ्रमपूर्ण प्रचारको साहारा लिएको बताए । नेकपा एमालेको पाल्पा क्षेत्र नम्बर २(१) का प्रदेश सभा सदस्यका उम्मेदवार परशुराम भट्टराई पाल्पाको भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका क्षेत्रको विकासमा आफ्नो सक्रिय भूमिका खेल्ने बताए। आफ्नै जन्मथलोका आफन्त तथा छिमेकी र तानसेन १३ का मतदातासंग भेटघाट गर्दै यस क्षेत्रको कृषि र पशुपालनको पकेट क्षेत्रको रुपमा विकासका लागि नमुना परियोजना संचालन गर्ने बताए। नेकपा एमालेको तर्फबाट पाल्पा निर्वाचन क्षेत्र न. २ प्रदेशसभा २ का उम्मेदवार ओम बहादुर घर्तीमगरले गठबन्धनले गाउँमा परेका योजना समेत कटौती गर्ने गरेको बताए । उम्मेदवार घर्तिले तिनाउँको मस्याम क्षेत्रको घरदैलो गर्दै आफु निर्वाचन भएपछि यस क्षेत्रका योजना पुरा गर्ने, रोकिएका योजना पुन सुरु गर्ने बताए। नेता घर्तीमगरले उत्पिडनमा परेको समुदायलाई माथीउठाउन कुनै कसुर बाकी नराख्ने सडकलगायत खानेपानीको समाधान गर्ने प्रतिवद्धता व्यक्त गरे।

# दीप बोर्डिङमा नमुना निर्वाचन



**पुरुषोत्तम पाण्डेय**
कार्तिक ३०, बुटवल।

बुटवल-८, सुख्खानगरमा अवस्थित दीप बोर्डिङ हाई स्कुलमा बुधबार नमुना मतदान सम्पन्न भएको छ।

मङ्सिर ४ गते हुन गइरहेको संघ र प्रदेश तहको निर्वाचनको सन्दर्भमा विद्यार्थीहरूलाई प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीको बारेमा जानकारी गराउने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको हो।

नमुना मतदानमा कक्षा ७, ८, ९ र १० का विद्यार्थीहरूले संघ र प्रदेशका लागि प्रत्यक्ष र समानुपातिक गरी ४ वटा मतपत्रमा मतदान गरेका थिए। निवार्चनमा ५५४ जना विद्यार्थी मतदाताहरूको नाम प्रकाशित भए तापनि जम्मा ५४१ जना विद्यार्थी मतदाताहरूले मतदान गरेका थिए। नमुना मतदानमा ९७.६५ प्रतिशत मतदाताले मतदान गरेको कुरा नमुना मतदान कार्यक्रम संयोजक अमर खत्रीले जानकारी दिए।

मतदानमा नेपाल सरकार मातहतका म्यादी प्रहरी र विद्यालयका स्वयम्सेवकले सुरक्षा प्रदान गरेका थिए । प्रत्यक्ष निर्वाचनतर्फ संघमा एक सिट, समानुपातिकका लागि ३ सिट, प्रदेशतर्फ प्रत्यक्षमा २ सिट, प्रदेश तर्फ समानुपातिकका लागि ३ सिट निर्धारण गरी गरिएको नमुना निर्वाचनमा डाँफे, लुम्बिनी, सगरमाथा, जनकपुर र कर्णाली गरी जम्मा ५ वटा दलले उमेदवारी दिएका थिए भने स्वतन्त्रतर्फ कसैको उमेदवारी परेको थिएन।

चार वटा मतदान केन्द्रमा सम्पन्न नमुना मतदानमा एक वटा मतदान केन्द्रबाट विद्युतीय मतदान गर्न सकिने व्यवस्था मिलाइएको थियो भने बालकृष्ण पाठक, विकास हमाल, दीपकचन्द्र भुसाल र पुरुषोत्तम पाण्डेयले मतदान अधिकृतको भूमिका निर्वाह गरेका थिए।

नमुना मतदान कार्यक्रममा बुटवल उपमहानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेयले मतदाता शिक्षाका लागि निर्वाचन आयोगले गर्ने काम दीप बोर्डिङ हाई स्कुलले गरेको र यसले आउँदो मङ्सिर ४ गते हुने संघ र प्रदेशको निर्वाचनका लागि विद्यार्थी मार्फत अभिभावकहरूलाई मतदाता शिक्षामा महत्वपूर्ण योगदान पुऱ्याउने बताए साथै उनले यस पटक गर्न नसकिए पनि आगामी निर्वाचनको सन्दर्भमा बुटवल उपमहानगरपालिकाले यस क्षेत्रमा रहेका विद्यालयहरूमा नमुना निर्वाचनका लागि सहयोग र समन्वय गर्ने बताए।

विद्यालयका प्राचार्य तथा नमुना निर्वाचनका प्रमुख निर्वाचन आयुक्त टीकाराम न्यौपानेले नमुना निर्वाचनले संघ र प्रदेशमा प्रत्यक्ष र समानुपातिकतर्फ जनताको प्रतिनिधित्व कसरी हुन्छ ? मतदान कसरी गर्ने ? मतदानमा के कति मतपत्र हुन्छन् ? मत कसरी पट्याउने भन्ने कुरा विद्यार्थीहरूलाई जानकारी गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताए।

नमुना मतदानमा विद्यालयका प्राचार्य टीकाराम न्यौपानेले प्रमुख निर्वाचन आयुक्त, उपप्राचार्य त्रय ज्ञानु थापा, कलाधर अर्याल र सुरेन्द्रकुमार शाक्य, प्लस टु संयोजक वसन्त कुमार जोशी, लेखा प्रमुख रेखा श्रेष्ठले निर्वाचन आयुक्त, विज्ञान सङ्कायका संयोजक कमल नेपाल, कक्षा ९ र १० का संयोजक के.बी. खाम्चा, गणित विषय प्रमुख जनक पन्थीले पर्यवेक्षक, एकराज गुरागाईं र अनिल पङ्गेनीले विद्युतीय मतदानको संयोजन, विजय सापकोटाले सुरक्षा संयोजन, सन्दिप बस्याल र रेखा आचार्यले स्थलगत व्यवस्थापन, कृष्ण भुसालले मतदानको कार्यालयीय व्यवस्थापन गरेका थिए ।

नमुना मतदानको मतगणना बिहीबार बिहान १० बजेदेखि गरिने र त्यसको नतिजा दिउँसो २ बजेभित्र घोषणा गरिने कुरा प्रमुख निर्वाचन आयुक्त टीकाराम न्यौपानेले बताए।

# सीमा नाका आजदेखि बन्द हुँदै

भैहरवा, ३० कार्तिक। (गौबुस)




यही मंसीर ४ गते हुने प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचनका लागि बेलहिया-सुनौली, कृष्णनगर, बाँके र बर्दियालगायत देशभरका भारत तथा चीनसित जोडिएको सीमा नाका आज रातिदेखि बन्द हुने भएको छ।

सबै सीमा नाका ७२ घण्टाका लागि बन्द गर्न लागिएको हो। आगामी आईतवार हुने निर्वाचनलाई स्वच्छ, निष्पक्ष, शान्तिपूर्ण र भयरहित बनाउनका लागि भन्दै आज राति १२ बजेदेखि मंसीर ४ गते राति १२ बजेसम्मका लागि सीमा नाका बन्द गर्न लागिएको प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले जानकारी दिए। यसअघि खुला सीमाका कारण निर्वाचनको बेला सुरक्षा चुनौती बढ्न सक्ने भएकाले निर्वाचनअघि ७२ घण्टासम्म सीमा नाका बन्द गर्ने निर्णय भएको थियो । दुई पक्षीय बैठकले निर्वाचनको ४८ घण्टा अघि दुई देशका सीमा क्षेत्रमा मदिराको बेचविखन र सेवनमा रोक लगाउने निर्णय भएको थियो। देशभर पूर्व, पश्चिम तथा दक्षिणमा भारत र उत्तरमा चीनको नाका पर्छ।




# ‘जनताको समर्थन देखेर उत्साहित छु’

बालकृष्ण खाँण नेपाली राजनीतिमा स्थापित नाम हो । युवादेखि पाका पुस्तासम्म परिचित खाँण विद्यार्थी राजनीतिबाट उदाएका हुन् । पंचायत र राजतन्त्र बिरोधी संघर्ष र गणतन्त्र ल्याउन उनले जेलनेल पनि भोगेका छन् । २०३७ सालमा नेपाल विद्यार्थी संघ रुपन्देहीको सभापति हुँदै राजनीतिमा होमिएका खाँणले सशस्त्र संघर्षपछि शान्ति पक्रियालाई निष्कर्षमा पुर्‍याउन र लोकतन्त्र, प्रेस स्वतन्त्रता, मानवअधिकारको बहालीका लागि समेत भूमिका खेलेका छन् । बर्तमान सरकारमा दोस्रो बरियतामा रहेका खाँण रुपन्देहीको क्षेत्र नं. ३ मा प्रतिनिधि सभामा प्रतिष्पर्धामा छन् । उनलाई भावी प्रधानमन्त्रीको रुपमा पनि प्रचारप्रसार गरिएको छ । आफू निर्वाचित भएपछि रुपन्देही-३, सहित समग्र मुलुकको बिकासको नेतृत्व गर्ने बताउँदैं आएका खाँणसँग आसन्न निर्वाचनका बिषयमा **गौतमबुद्ध सन्देश दैनिक पत्रिकाले गरेको कुराकानी**को सम्पादित अंश प्रस्तुत छ :

**- देशको गृहमन्त्री र नेपाली काँग्रेसको प्रभावशाली केन्द्रीय सदस्य हुनुहुन्छ, कहिलेदेखि शुरू भयो तपाईंको राजनीतिक यात्रा ?**

मेरो राजनीतिको सुरुवात विद्यार्थी राजनीतिबाट भएको हो । विद्यालय, क्याम्पसमा नेविसंघमा संगठिन हुँदैं राजनीति र जनताका मर्का बुझ्ने अवसर पाएँ । क्याम्पस तहबाटै मैले प्रजातन्त्रका लागि लडाईं लडेको हुँ । २०३९ सालमा नेपाल विद्यार्थी संघको केन्द्रीय सदस्य भएँ । त्यसपछि क्रमशः त्रिभुवन विश्व विद्यालयको स्वतन्त्र विद्यार्थी युनियनको उपसभापति भएँ । त्यसबेला पञ्चायत बिरुद्ध आन्दोलनमा थियौं । म अग्र मोर्चामै थिएँ । त्यही बेला २०४१ सालमा भएको महाधिवेशनबाट म नेपाल विद्यार्थी नेविसंघको केन्द्रीय सभापतिमा निर्वाचित भएको थिएँ । ०४६ सालको जन आन्दोलनमा युवा वर्गको नेतृत्व गरें । त्यसबेला मेरो नेतृत्वमा युवाले परिवर्तनमा ठूलो भूमिका खेलेका थिए । पञ्चायत बिरुद्ध वामपन्थी शक्तिसित एकजुट भएर हामी लडेका थियौं । मुलुकलाईं बिकास र समृद्धिमा होइन, सत्तास्वार्थमा लिप्त पञ्चायत ढाल्न एकजुट भएका थियौं । जन आन्दोलनपछि अन्तरिम सरकार बन्यो । उक्त सरकारले २०४८ मा आम निर्वाचन गरायो । त्यहींबाट संसदीय राजनीतिमा छिर्ने अवसर पाएको थिएँ । त्यसबेला म तत्कालीन रुपन्देही क्षेत्र नम्बर-३, बाट उम्मेदवार बनेको थिएँ र निर्वाचित पनि भएँ । सांसद बनेपछि पनि म पार्टीको भातृ संगठनको नेतृत्वमा रहे । म दुई कार्यकाल नेपाल तरुणदलको सभापति भएँ । तरुणदलको सभापति हुँदा म २०५४ सालमा भएको निर्वाचनमा आफै निर्वाचन नलडेर देशभर चुनावी अभियानमा खटिएको थिएँ । २०५६ सालमै म नेपाली कांग्रेसको केन्द्रीय सदस्य भएको थिएँ ।

**- तपाइलाई निकै चलाख राजनितिज्ञ भन्छन् नी ।**

लोकतन्त्रमा जसरी बोलेपछि छुट छ । सबैले सामान ढंगले बोल्न सकुन भनेरै हामी निरंकुशता बिरुद्ध आन्दोलनमा होमियौं । त्यस क्रममा म खरो र चर्को भाषण गर्थें । पंचायत ढाल्दा होस् या निरंकुश राजा फाल्दा ती निरंकुश शक्तिलाई सुनाउन त्यसरी गर्जिनु पर्थ्यो । जनताले चिन्ने गरी राष्ट्र, राष्ट्रियता र जनताको पक्षमा भाषण गरें । त्यसबेला सुस्त बोल्नेलाई राजावादी र पंचेले दबाउँथे, धम्क्याउँथे, आवाज सुन्दैन्थे, त्यसैले पनि चर्को स्वरमा बोल्नै पर्थ्यो । अहिले त्यस्ता शक्ति पाखा लगाएर मुलुकलाई आर्थिक बिकासमा डोर्‍याउने अभिभारा आएको छ । अहिले कम बोल्ने, धेरै काम गर्ने बेला हो । म पनि त्यहीँ गरिरहेको छुँ । निर्वाचन आचारसंहिता देखि पदको मर्यादालाई ध्यानमा राखेको छु । अहिले जनताका पक्षमा काम गर्नु पर्ने भएकाले धेरै बोल्न पर्दैन । मैले गरेका काम सबैले देखेका छन् । बिगतको मेरो योगदान हेरेर नै यस क्षेत्रबासीमा नयाँ आशा पलाएको छ । नागरिक उत्साहित छन ।

**- तपाईंको पहलमा भएका बिकास योजना के-के हुन् ?**

म मा हरेक चुनौतीको सामना गर्दै जिम्मेवारी निर्वाह गर्ने क्षमता छ । सामान्य परिवारमा जन्मिएको र सधैं निरंकुशता बिरुद्ध लडेको इतिहास छ । मेरो जीवनको आधा समय राजनीतिक आन्दोलन र त्यसबाट भएका राजनीतिक उपलब्धी संस्थागत गर्दैमा बित्यो । व्यवस्था परिवर्तनमा लामो समय बित्यो । अब मतदाताको अवस्था परिवर्तन गर्ने बेला भएको छ । म त्यहीँ अभियानमा छु । मैले मेरो गृह जिल्ला रुपन्देहीको बिकासलाई प्राथमिकतामा राखेको छु । नेपाली कांग्रेसको सपना र योजना अनुसार रुपन्देहीमा ठूला ठूला बिकास योजना साकार भएका छन । जिल्लाको समग्र बिकासको क्रममा शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार, सिंचाई जस्ता क्षेत्रमा उल्लेख्य योजना पारेको छु । गफ दिएको होइन । दस्तावेज र कागज हेर्नु भए हुन्छ । मेरो प्रचार गर्ने बानी छैन, काम गर्ने बानी छ । रुपन्देहीको तिनाउ र दानवबाट नागरिक सुरक्षित तुल्याउन जनताको तटबन्धन, आउजाउ सहज तुल्याउन पुल निर्माण, सोह्र-छत्तीस सिंचाई प्रणालीलाई पक्की निर्माण गर्न मैले बजेट छुटयाएको हुँ ।

रुपन्देहीमा मेरो र नेपाली कांग्रेसका अग्रज नेताहरुको पहलमा धेरै बिकास आयोजना लागू भएका छन् । ती मध्ये बेलहिया-बुटवल ब्यापारीक मार्ग, गौतमबुद्ध बिमानस्थललाई अन्तर्राष्ट्रिय बिमानस्थल बनाउने, मणिग्राम-देवदह-लुम्बिनी बुद्ध सर्किट मुख्य हुन । मेरै पहलमा देवदह-मणिग्राम- लुम्बिनि- तिलौराकोट-गोरुसिंगें, बेलवास- बेथरी, तामनगर-फर्सटिकट हुँदै बेथरी-मर्चवार सडक, भैरहवादेखि नवलपरासीको भूमही, केदली- सिसुवा, मुर्गिया -सूर्यपूरा, देवदह - मणिग्राम-फर्साटिकर -सूर्यपुरा -लुम्बिनी, छपिया-बेथरी सडक निर्माण एवम् स्तरोन्नती सम्भव भएका हुन् । सघंसस्था, मठमन्दिर, मस्जित निमार्णमा उनले थुप्रै सहयोग पुर्‍याएको छु । सहयोग गर्दा कुनै विभेद गरेको छैन । समानुपातिक ढंगले सहयोग वितरण गरेको छु । बजेट छुटयाएको छु । सामुदायिक भवनदेखि विद्यालय भवन निमार्णमा मैले ध्यान दिएको छ ।

**रुपन्देही-३ तपाईंका लागि सधैं लक्की भन्छन् नि, यसपटक के होला ?**

तपाईंले भने जस्तै रुपन्देही-३, मेरा लागि सधै ‘लक्की’ सावित हुँदै आएको छ । मलाई क्षेत्र मात्र होइन । समग्र जिल्लाबासीको साथ र समर्थन छ । क्षेत्र विभाजनका कारण मलाई कहिले कता-कहिले कता गरिरहनु परेको छ । तर, सबैले माया गर्दै आउनु भएको छ । म जहाँ गए त्यहाँका मतदाताको मप्रति आशा, भरोसा, विश्वास पाउने गरेको छु । यसपटक रुपन्देही-३, मा पनि यस्तै माहोल छ । अहिले क्षेत्र एकजुट बनेको छ । सबैको एउटै आवाज बनेको छ । म रुपन्देही-३ बाटै तीन पटक प्रत्यक्ष निर्वाचन लडेर बिजयी भएको हुँ । यसपटक पनि रुपन्देही ३ बाटै उम्मेदवार बनेको छुँ । मेरा लागि रुपन्देही-३, लक्की हो । यसपटक पनि लक्की हुन्छु । अहिले देखिएको समर्थनबाट त्यो प्रष्ट छ ।

**-यसपाली तपाईं भैरहवा केन्द्रीत भैरहनु भएको छ नि ?**

यसपटक मेरो निर्वाचन क्षेत्रको केन्द्र सदरमुकाम भैरहवा बनेको छ । तर, मेरो निर्वाचन क्षेत्रमा रहेका सबै पालिका बिकास तर्फ लम्किरहेका छन् । पछिल्लो संसदीय कार्यकाल भैरहवालाई केन्द्रमा राखेर बिताएँ । बिगत पाँच वर्षमा निर्वाचन क्षेत्रमा आयोजना गरिने सबैं कार्यक्रममा सहभागिता जनाएँ । अब सधैं भैरहवा केन्द्रित बनेर राजनीति गर्ने योजना रहेको छ । सदरमुकाम लक्षित गरेर ठूला बिकास योजना ल्याएको छु । भैरहवा र आसपास बिकसित गरिरहेको छुँ । आगामी दिन झन ठूला योजना ल्याउनेछु । भैरहवालाई अन्तर्राष्ट्रिय गजतमा स्थापित सहरमा परिणत गरेर देखाउने मेरो अठोट रहेको छ । भैरहवामा मात्र केन्द्रित हुने मेरो योजना होइन । बुटवल, मणिग्रामसहित भित्री बस्तीलाई समेत गुल्जार पार्दै लैजाने हो । यसका लागि सबै स्थानीय तह र प्रदेश सरकारसित समन्वय गरेर अगाडि बढ्नेछु । ‘सिद्धार्थ चक्रपथ’लाई महत्वपूर्ण योजनाका रुपमा अगाडि सारेको छु । ब्यबस्थित सहरीकरण र अन्तर्राष्ट्रिय सहरहरु बाहिरी चक्रपथ निमार्णबाटै भएका छन् । त्यस्तै सिद्धार्थनगरलाई पनि ब्यबस्थित र अन्तर्राष्ट्रिय सहर बनाउन बाहिरी चक्रपथ आवश्यक ठानेको छु ।

**- यस क्षेत्रलाई पर्यटकीय हबको रूपमा विकास गर्ने योजना के छन् ?**

गौतमबुद्ध विमानस्थलाई कार्गो हब बनाउने, भैरहवालाई लुम्बिनी प्रदेशकै महत्वपूर्ण औद्योगिक, व्यापारिक एवम् पर्यटकीय केन्द्रका रूपमा विकास गर्ने मेरो लक्ष्य छ । वेलहियादेखि पोखरासम्मको सिद्धार्थ राजमार्गलाई स्तरोन्नति, बेलहियामा निर्माणाधीन ‘एकीकृत भन्सार चौकी (आईसीपी)’, विशेष आर्थिक क्षेत्र विद्युतीय सबस्टेसन निर्माण तथा व्यवस्थित सञ्चालनका लागि नीतिगत निर्णय, सिद्धार्थनगरभित्र रहेको कारागारलाई उचित ठाउँमा स्थान्तरण गरि त्यहाँ रहेका व्यक्तिहरूलाई सीपमूलक तालिमका साथै ध्यान, योगा, शारिरिक व्यवयाम जस्ता कार्यक्रमहरू सञ्चालन गर्ने, सिद्धार्थ नगरभित्रका अटोभिलेजलाई एकै ठाउँमा सुव्यवस्थित गर्ने योजना पनि मैले ल्याएको छुँ ।

**यस बाहेक तपाईंका बिकास योजना के हुन ?**

सिद्धार्थ नगरभित्रको क्रिकेट मैदानलाई अन्तर्राष्ट्रिय खेल सञ्चालन गर्न सकिने किसिमले स्तरोन्नति गर्ने, भीम अस्पतालको स्तर वृद्धि गरि २४ घण्टे प्रयोगशाला सहितको सुविधासम्पन्न आइसियू, सिसियू तथा एनआईसीयू सेवा थप गर्ने मेरा योजना हुन । भैरहवा बहुमुखी क्याम्पसमा पूर्वाधार थप गरी आधुनिक तथा गुणस्तरीय शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने, पक्लिहवामा रहेको कृषि क्याम्पसलाई भौतिक सुविधा सम्पन्न बनाइनेछ भने कृषि तथा पशु चिकित्सा शिक्षा दुवैमा सिट सङ्ख्या बृद्धि गर्न आवश्यक पहल गर्ने, पक्लिहवा कृषि क्याम्पस हाताभित्र सुविधासम्पन्न पशु अस्पताल निर्माण गरी यथाशिघ्र सञ्चालन गर्ने, डण्डा खोलामा कोरिडोर निर्माण गर्ने, भैरहवामा लुम्बिनी प्रदेशकै सबैभन्दा ठूलो ‘अन्न भण्डारण गृह’ निर्माण गर्ने, सिद्धार्थ नगरमा अत्याधुनिक चिस्यान गृह स्थापना गर्नुका साथै लुम्बिनी प्रदेशको भौगोलिक अवस्था र वातावरण सुहाउँदो विउ-बिजनहरू तयार गर्न अनुसन्धान केन्द्र सञ्चालन गर्न पहल गर्ने योजना बनाएको छु ।



**बालकृष्ण खाँण**

**गृहमन्त्री एवं प्रतिनिधि सभा उम्मेदवार पाँचदलीय गठबन्धन रुपन्देही क्षेत्र नं ३**

क.र.दर्ता नं. १४५१६७/०७२/७३
रुपन्देही जि.हु.दर्ता नं. १२/०७१/७२

# भैरहवालाई अन्तर्राष्ट्रियस्तरको सहर बनाउँछु: गृहमन्त्री खाँण

**गौतमबुद्ध सन्देश**
भैरहवा, कार्तिक ३० ।



एक सयम हरेक नागरिकको मुखमा बुटवल भन्ने शब्द पहिले आउँथ्यो, त्यसपछि मात्रैं रुपन्देही सुनिन्थ्यो । बुटवलको अगाडि जिल्ला नैं ओभेmल पर्थ्यो । पूर्व-पश्चिम राजमार्गबाट दक्षिण सिमावर्ती सहर भैरहवा सदरमुकाम भए पनि सधै कोल्टे पर्थ्यो । ठूलो स्थल नाका भएको सदरमुकाम वर्षौ ओझेलमा रह्यो । सिमावर्ती भारतीय बजारको भैरहवामाथि दबदबा थियो । सहरको आधुनिकिरण, बिकास र योजना बुटवल केन्द्रित थिए । बसोबासको केन्द्र बुटवल बनेको थियो ।

मुलुकमा व्यवस्थासँगै अवस्था फेरिएको छ । रुपन्देहीका परम्परागत व्यापारिक र बसोबासका केन्द्र फेरिएका छन् । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्जाल, विशेष आर्थिक क्षेत्र (सेज)को सुरुवात, एकीकृत जाँच चौकी (आइसीपी) निर्माण तयारी, अन्तर्राष्ट्रिय स्थल बेलहिया-सुनौंली नाका र बुद्धस्थल लुम्बिनीका कारण पछिल्लो समय भैरहवा रुपन्देहीको मात्र नभएर मुलुककै आर्थिक केन्द्र बनिरहेको छ । अहिले भैरहवा आधुनिक सहरोन्मुख छ । राष्ट्रिय गौरबका आयोजना कार्यान्वयनसँगै भैरहवा अन्तर्राष्ट्रिय सहर बन्ने क्रममा छ ।

भैरहवाको आधुनिकिरणको धेरै समय भएको छैन । पछिल्लो कालखण्डमा एशियन डेभलपमेन्ट बैंक (एडीबी) ले ऋण लगानी गरेपछि सहरको मुहार फेरिएको हो । सिद्धार्थनगर पुरानै नगरपालिका हो । यस अवधिमा धेरै नगर प्रमुख चुनिए । हालिमुहाली गरे । तर, नगर बिकासका लागि उल्लेख्य काम गरेनन् । बरु आफन्त, नातागोतालाई नगरपालिका र विभिन्न कार्यालयमा रोजगारी दिलाए । सुविधा प्रयोग गरे । नगरबासीको जीवनमा परिवर्तन ल्याउन चाहेनन् । स्थानीय मात्र होइन, तत्कालीन केन्द्रिय नेताले सदरमुकामलाई उचाईं प्रदान गर्न 'माखो' उडाएनन् ।

केही दिनअघि एकीकृत समाजबादीकी नेता तथा गुल्मी-२, बाट प्रतिनिधिसभा सदस्य पदकी उम्मेदवार रामकुमारी झाँक्रीले कुराकानीका क्रममा नेताहरुले आफ्नो प्रभाव कायम राख्न जनताको जीवनस्तर परिवर्तनमा जोड नदिने गरेको बताइन् । उनका अनुसार पञ्चायत कालदेखि नै नेताको जीवनशैलीमा मात्र परिवर्तन आयो । नेताले जनताको जीवनस्तरमा सुधार चाहेनन् । सधै अभावमा भएपछि नागरिकले नेताबाट आश गरिराख्छन् । 'जनतालाई अभावमा राख्ने गरियो,' झाँक्रीले भनिन्, 'जनता अभावमा राखेर नेताले रवाफ चलाउँदा रहेछन् ।' झाँक्रीको भनाई भैरहवासित मेल खान्छ । यहाँबाट चुनाव जितेर पटकपटक मन्त्री भएका व्यक्तिले अकुत कमाए । तर, भैरहवा सहर र यहाँ बसोबास भएका जनताको जीवन कहिल्यैं उकालो लागेन ।

पञ्चायतका लामा कालरात्री र बहुदलीय व्यवस्थाको उतारचढावपछि यसपटक भैरहवाले खाँटी नेता पाउन लागेको छ । जिल्लाका बासिन्दा भएपछि निर्वाचन क्षेत्र फरक पर्दा भैरहवाबासीले अपनत्व महशुस गर्न नपाएका प्रभावशाली नेता बालकृष्ण खाँण यसपटक रुपन्देही-३, बाट प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार बनेका छन् । पहिलोपटक भैरहवा निर्वाचनको केन्द्र बनेको छ । यसपटक रुपन्देही-३, को चुनावी चर्चाले सधैंको केन्द्र बटुवल ओझेलमा परेको छ । ०७४ मा साविक भुगोल परिवर्तन भएर रुपन्देही-३, मा भैरहवा समेटिएदेखि नै खाँणले भैरहवा र आसपासको बिकासमा योगदान पुर्याउँदैं आएका छन् ।

बिगत पाँच वर्षमा खाँण जिल्लामा आयोजना गरिने कार्यक्रममा सहभागी भइरहेका छन् । यसक्रममा जिल्लाका मठ, मन्दिर, मस्जिद, चर्चदेखि विद्यालय र सामुदायिक संस्थाका लागि बजेट विनियोजना गरेका छन् । ठूला विकासका काममा ध्यान दिएका छन् । यहाँ रहेका गौरबका आयोजना सफल बनाउँन राष्ट्रिय रुपमा नेतृत्व प्रदान गरेका छन् । जसले गर्दा वर्षौपछि भैरहवा र आसपासका बासिन्दाले नेता पाएको बताएका छन् । 'हाम्रो टोलमा आयोजना हुने साना-ठूला कार्यक्रममा बोलाउने बित्तिकै खाँण जी आउनु हुन्छ,' सिद्धार्थनगर-१०, का ४५ वर्षीय रहमतुल्लाहा अन्सारीले भने, 'उहाँले हाम्रा सुखदुःख बुझ्नु भएको छ ।'

पहिलो पटक राष्ट्रिय र अन्तर्राष्ट्रिय ख्याती भएका व्यक्तिलाई नेता पाउँदा खुसी लागेको उनले बताए । उनका अनुसार भैरहवाका तत्कालीन नेता रामकृष्ण ताम्राकारले नगरको बिकासमा भूमिका खेलेका थिए । ताम्राकारपछि जनताको पक्षमा काम गर्ने नेता नदेखिएको उनले बताए । 'गृहमन्त्री खाँणले सबैलाई एउटै नजरले हेर्नु हुन्छ,' सिद्धार्थनगर-१०, कै मुस्ताक अहमदले भने, 'कसैलाई विभेद गर्नुहुन्छ । उहाँले चुनाव जित्नुपर्छ ।' उनका अनुसार यस क्षेत्रबाट लामो समय दीपक बोहरा जनप्रतिनिधि चुनिएका थिए । बोहारा ९ पटक मन्त्री भए । 'मैले अहिलेसम्म बोहराले राम्रो काम गरेको देखेका छैन,' उनले भने, 'हाम्रो भोट बोहरालाई काठमाडौं पठाउने लाइसेन्स मात्र भयो ।'

गृहमन्त्री खाँणले भैरहवालाई राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा पहिचान दिन ३० वर्षदेखि काम गर्दै आएको बताए । पहिले भैरहवा खाँणको निर्वाचन क्षेत्र अन्तर्गत थिएन । जसले गर्दा प्रत्यक्ष यस क्षेत्रको बिकास गर्न पाएका थिएनन् । तर, ठूला योजना पार्न पहल गरेको खाँणले बताए । 'पछिल्ला पाँच वर्ष भैरहवा र आसपासको क्षेत्रको बिकासमै मैले अधिकांश समय बिताए,' गृहमन्त्री खाँणले भने, 'पार्टी र सरकारी जिम्मेवारीका कारण भैरहवामै बस्न नपाएपछि सातामा दुई-तीन पटक आएर यहाँका गतिविधिमा सहभागी भइरहेको छु ।' भैरहवा र आसपास अहिले सञ्चालनमा रहेका आयोजनालाई पूर्णता प्रदान गरेर आधुनिक र सुरक्षित सहर बनाउन आफ्नो कार्यकालका अधिकांश समय बिताउने खाँणले प्रतिवद्धता व्यक्त गरेका छन् ।

गृहमन्त्री खाँणले नागरिकको अवस्था बदल्न पाँच दलीय गठबन्धन बनेको उल्लेख गर्दै आगामी दिनमा मुलुकमै बिकास निर्माणको केन्द्र रुपन्देही बन्ने बताए । 'गौतमबुद्ध अन्तराष्ट्रिय विमानलाई आर्थिक केन्द्रका रुपमा बिकास गरिनेछ,'उनले भने, 'छिट्टै कार्गो उडान थपिनेछन, जसले रुपन्देहीका उत्पादन विश्वभर पुग्नेछन ।' निर्वाचन सकिए लगत्तै सिद्धार्थ राजमार्ग अन्तर्गत सिद्धाबाबा खण्डमा निर्माण गरिने सुरुङ मार्गको शिलान्यास गरिएको उनले बताए । 'निर्वाचन आचारसंहिताका कारण शिलान्यासमा ढिलाइ भएको हो,'उनले भने, 'निर्वाचन लगत्तैं शिलान्यास गरिन्छ ।' यस बाहेक पूर्व-पश्चिम राजमार्ग अन्तर्गत दाउन्नेमा समेत सुरुङ मार्ग निर्माण गरिने भए । 'चितवनको शक्तिखोरबाट पृथ्वी रामार्ग जोड्ने गरेर सुरुङ मार्ग निर्माण हुदैछ,'उनले भने, 'यी सुरुङ मार्गले रुपन्देहीको चीन सितको दूरी घटाउनेछ ।'

# गृहमन्त्रीले गरे सत्ता र शक्तिको दुरुपयोग

भैरहवा, ३० कात्तिक । (गौबुस)

**घटना** १ः बुधबार मध्यराति सियारी गाउपालिका वडा नम्बर १ का अध्यक्ष अरुण शाहिको घरमै पाकिंग गरेको सवारी साधन खानतलासी गर्न प्रहरीको टोलि पुग्यो । वडा प्रहरी कार्यलय भैरहवाका प्रहरी निरीक्षक मधु नेपालको टोलीले उक्त गाडीमा शंकास्पद बस्तु भएको भन्दै खानतलासी गर्न खोजे स्थानियले रोके, पछि पत्रकार र छिमेकीको रोहबरमा खानतलासी गर्दा गाडीमा केहि भेटिएन । प्रहरीले किन यस्तो गर्यो त भनि बुझ्दै जादा सियारी क्षेत्रमा शाहिको प्रभाव राम्रो र उनी राप्रपाको स्थानिय प्रभाबशाली नेता पनि रहेछन् । उनकै कारण धेरै मत गृहमन्त्री खाणको प्रतिसपर्धि बोहोरालाई जाने हुदा उनलाई दबाबमा राख्न त्यसो गरिएको रहेछ । उक्त घटनाको ३ दल राप्रपा, एमाले र जसपाले भर्त्सना गरेको छ भने ५ दलिय गठबन्धनले आफुहरुले नगरको प्रहरीको नियमति चेकजाच भएको बताएको ।

**घटना** २ : गत शनिबार विहान करिब ९ बजे तिर भैरहवाको मालटोलमा एकजना मान्छेको वरीपरि झुम्मीएका मानिसहरु देखेपछियो समाचारदाता केहिबेर रोकियो । यो समाचारदाता नजिकै बसेर हेरिरहयो, त्यहाँको दृश्य अनौठो थियो । करिब ४२।४३ बर्ष उमेरका जस्ता देखिने एकजना मधेसी समुदायका ती अधबैंशे पुरुषले त्यहा रहेका ६।७ जना केटाकेटिलाई मिठाई दिदै भने, 'यो मिठाई तिमिहरु पनि खाऊ घर लगेर सबैलाई बाड है । अनि मिठाईको खोलमा भएको चुनाब चिन्हमा घरका मान्छेलाई भोट हाल्न भन '

केटाकेटिहरु खुसी हुदै दौडिए । त्यो मान्छे साईकल लिएर हिड्यो । दौडिरहेका एकजना करिब ११ बर्षीय एकजना बालकलाई रोकेर हामीले सोध्यौं बाबु अघिको मिठाई देखाउ त कस्तो रहेछ , त्यो केटाले देखायो । हामी त अच्चमीत भयौं । मिठाईको खोलमा रुख र साईकल चुनाब चिन्ह अंकीत थियो ।

हामीले त्यो साईकलवालालाई पीछा गर्ने कोशिस गर्यौ तर त्यो व्यक्ति गाउतिर कता गयो भेट्टाउन सकिएन । रातो रंगको साईकल र उक्त साईकल माथि हरियो रंगको स्वस्तीक छापा लगाएको मिठाईको सेतो खोलमा हरियो अक्षरले साइकलमा भोट हालौ साथि लेखिएको थियो । यसैगरी अर्को त्यस्तै मिठाईमा हरियो रंगको रुख चिन्हमा रातो रंगको स्वस्तीक छाप तथा रातो रंगको अक्षरले चुनाब चिन्ह रुखमा भोट हालौ साथि लेखिएको छ । उक्त मिठाई भैरहवाको एक मिठाई उत्पादकको बनाएको बुझिएको छ ।

गृहमन्त्रीको निर्वाचन प्रचारमा बालबालिकालाई लक्षित गरि बाडिएको मिठाईको खोलमा न उत्पादन मिती छ, नत उत्पादक कम्पनिको नाम नत गुणस्तरीयताको विषयमा केहि उल्लेख गरिएको छ । यसरी राज्यको कानुन कार्यन्वय गराउने मुख्य जिम्मेवारी सम्हालेका गृहमन्त्री बालकृष्ण खाणको निर्वाचन क्षेत्र रुपन्देही क्षेत्र नम्बर ३ को भैरहवा क्षेत्र, अमुवा, फर्साटिकर, सेमलार, चिल्हीया, ठुटीपिपल, बसडिलवाको ग्रामिण क्षेत्रका बालबालिकालाई ललीपप प्रकारको मिठाई बाड्न साईकलमा मान्छेहरु खटाइएको देखिएको छ ।

**घटना नम्बर** ३ः सोमबार साँझ सिद्धार्थनगर १ को बेलहियामा मतादाता प्रभावित गर्नेगरी पेचिंग काम अगाडी बढाईयो । पछि निर्वाचन अधिकृत र सिडिओलाई अन्य दलले उजुरी गरेपछि उक्त काम रोकियो ।

**घटना नम्बर** ४ः रुपन्देहीको चिल्हीया, टिकुलीगढ, अमवा क्षेत्रमा बालकृष्ण खाण र सन्तोष पान्डेको ठुला ठुला तस्वीर सहितका होडिंग बोर्ड मत माग्दै पोल पोलमा टांगीएका छन् । जबकी निर्वाचन आयोगले त्यस्तो गर्ने कारबाहि गर्ने बताएको छ तर उक्त कार्यलाई गृहमन्त्रीको अघिपछि हिड्ने प्रहरीले नदेखा गरिरहेको छ । अहिले पनि त्यो क्षेत्रमा गयो भने ती बोर्डहरु देख्न सकिन्छ ।

**घटना नम्बर** ५ः निर्वाचन आचार संहिता विपरित चुनाबको मुखमा केहि हप्ता अगाडी भैरहवामा तक्मा बाडियो । भैरहवाका व्यवसायी, विभिन्न संघसंस्थाका प्रमुखलाई सरकारी तक्मा बाडेका खाणले चुनाबको मुखमा आएर विभिन्न समाज सेवा पदक भन्दै तक्मा बाडेका हुन् । रुपन्देही युवा समुहको नाममा बाडिएको उक्त तक्मा विगतमा सरकारी तक्मा नपाएकाहरुलाई खुसी पार्न दिएको हो ।

**घटना नम्बर** ६ः रुपन्देहीमा निर्वाचन अवधिमा मदिरा निषेधीत भनिएको छ तर निर्वाचन कार्यक्रम शुरु भएयता सत्ता पक्षीय गठबन्धनले भैरहवाको विभिन्न होटलमा मदिराको खोलो नै बगाएको छ । गाउ गाउमा सोफीहरुको गोदाम शुरु भएको छ भने केहि ठाउमा पैसा समेत बाडिएको भन्ने तस्वीर प्राप्त भएका छन् ।

**घटना नम्बर** ७ः रुपन्देहीमा यतिबेला सीमावर्ति क्षेत्रमा कुनैपनि चेकजाँच छैन । ट्रकका ट्रक भन्सार छलेर विभिन्न सामग्री अबैध रुपमा नेपाल भित्रीरहेको छ । तिनाउ नदिमा अबैध उत्खनन शुरु भएको छ । तर प्रहरीले रोकतोक गरेको छैन । प्रहरी सबै सिभीलमा गृहमन्त्रीको प्रचारमा खटिएका छन् । डिआइजी नवल उपाध्यय र व्यवसायी कृष्ण प्रसाद शर्माले अर्थको जोहो गरिरहेको छन् जुन रकम गाउगाउमा पठाउन थालिएको छ ।

**घटना नम्बर** ८ः सुरक्षा अधिकारीहरु सबै गृहमन्त्री जिताउ अभियानमा छन् । प्रहरीको यति धेरै दबाबले पन्चायतकालमा डा. के आई सिंहलाई हराउन तत्कालिन सरकारले सारा शक्ति लगाउदा मतादाताले सरकारको भावना विपरित अत्याधिक मत दिए झै यतिबेला खाणले गृह प्रशासनको सारा शक्ति लगाउदा त्यसले झन क्षति हुने देखिएको छ ।

गौतमबुद्ध सन्देश
दैनिक
खोजी खोजी पढौं
ताजा समाचारका लागि
www.
gautambuddhasandesh.com
लगइन गर्नुहोस्









**गौतमबुद्ध मिडिया प्रा.लि.** द्वारा प्रकाशित **गौतमबुद्ध सन्देश दैनिक**का लागि **अध्यक्ष** : खिम बहादुर खत्री, **कार्यालय प्रमुख/ प्रबन्ध सम्पादक** : बिष्णु प्रसाद भट्टराई, **सम्पादक** : कुलमणि ज्ञवाली, **सह-सम्पादक** : रबिन्द्र प्रताप गुप्ता
**प्रधान कार्यालय** : सि.न.पा.-७ भैरहवा, रूपन्देही, **फोन नं.**:०७१-५७४३३०, **Email: gbsnews7@gmail.com** (समाचार), **gbsadd2018@gmail.com**(विज्ञापन) मुद्रण : रुरु प्रिन्टिङ प्रेस, बुटवल